## स्वास्थ्य कार्यालय, प्यूठानको

# जनस्वास्थ्य मासिक समाचारपत्र

अंक २७, वर्ष २, २०८२ माघ ७, ने. सं. ११४६ थिंलाथ्व

## यस अंकका मुख्य विषयवस्तुहरु


१) क्षयरोगको आधारभुत तालिम संचालन
२) ६ दिने आधारभुत CB-IMNCI तालिम सम्पन्न
३) ५ दिने आधारभुत खोप तालिम संचालन
४) BMS Act 2049 लगायत स्तनपान सम्बन्धी सरोकारवाला निकायका लागि अभिमुखिकरण कार्यक्रम सम्पन्न
५) सामुदायिक महिला स्वयंसेविकाका लागि आधारभुत तालिम
६) CB-IMNCI कार्यक्रमको बार्षिक समिक्षा
७) सामुदायिक तथा संस्थागत विध्यालयका किशोरीहरुको रक्तअल्पता परीक्षण कार्यक्रमको पहिलो चरण सम्पन्न
८) स्तनपान परामर्शकर्ताका लागि क्षमता अभिवृद्धि तालिम सम्पन्न


## क्षयरोगको आधारभुत तालिम संचालन

स्वास्थ्य कार्यालय, प्यूठानको आयोजनामा आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत क्षयरोग सम्बन्धी तालिम नलिएका स्वास्थ्यकर्मीहरूलाई लक्षित गरी ३ दिने क्षयरोगको आधारभूत तालिम मिति २०८२/०८/०८ देखि २०८२/०८/१० सम्म स्वास्थ्य कार्यालयको सभाहल, प्यूठानमा सञ्चालन गरिएको थियो। तालिममा प्यूठान जिल्लाका सबै स्थानीय तह अन्तर्गतका विभिन्न स्वास्थ्य संस्थामा कार्यरत हेल्थ असिस्टेन्ट, स्टाफ नर्स, अ.हे.ब. तथा अनमीहरूको सहभागिता रहेको थियो। तालिमको उद्देश्य गुणस्तरीय क्षयरोग सेवा प्रवाह गर्न, रोगको समयमै पहिचान गर्न र स्वास्थ्य संस्थाको अभिलेख व्यवस्थापन तथा रिपोर्टिङ कार्यमा दक्षता अभिवृद्धि गर्नु रहेको थियो।

तालिमका क्रममा क्षयरोगको परिचय, रोग पहिचान र वर्गीकरण, उपचार पद्धति, अभिलेख व्यवस्थापन, नियमित प्रतिवेदन तयारी (Reporting) र संक्रमण नियन्त्रण जस्ता विषयमा सैद्धान्तिक तथा व्यवहारिक सत्रहरू सञ्चालन भएका थिए।

## ६ दिने आधारभुत CB-IMNCI तालिम सम्पन्न

स्वास्थ्य कार्यालय प्यूठानको आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार समुदायमा आधारित नवजातशिशु तथा बालरोगको एकिकृत व्यवस्थापन कार्यक्रम (Community Based Integrated Management of Neonatal and Childhood Illness) अन्तर्गत ६ दिने आधारभुत CB-IMNCI तालिम मितिः २०८२ मङ्सिर २१ गते देखि २६ गतेसम्म स्वास्थ्य कार्यालयको सभाहलमा सफलतापूर्वक संचालन गरिएको थियो। तालिममा जिल्लाभरिका विभिन्न स्थानीय तहमा कार्यरत स्वास्थ्यकर्मीहरूको सक्रिय सहभागिता रहेको थियो। तालिम सहजकर्ताका रूपमा सम्बन्धित विषयका प्रशिक्षक तथा अनुभवी स्वास्थ्यकर्मी बिरु बोहराले सहजीकरण गर्नुभएको थियो।

तालिमको उद्देश्य नवजात शिशु तथा पाँच वर्ष मुनिका बालबालिकामा देखिने प्रमुख रोगहरूको समयमै पहिचान, वर्गीकरण, उपचार तथा उचित सन्दर्भ प्रणालीलाई सुदृढ बनाउनु रहेको थियो। तालिमका क्रममा नवजात शिशुको प्रारम्भिक हेरचाह, घरमै हुने नवजात शिशु सेवा, स्तनपान प्रवर्द्धन, पोषण अवस्था मूल्याङ्कन, खोप सेवाको निरन्तरता, आमाबुवालाई स्वास्थ्य शिक्षा तथा परामर्श प्रदान गर्ने विषयमा सैद्धान्तिक र व्यवहारिक सत्रहरू सञ्चालन भएका थिए। सहभागीहरूमा समूह कार्य, प्रत्यक्ष अभ्यास तथा छलफलमार्फत सीप अभिवृद्धि गरिएको थियो।



# ७३ औं विश्व कुष्ठरोग दिवश "कुष्ठरोगको छ ओखती, सामाजिक लाञ्छना र विभेद मुख्य चुनौती"

## BMS Act 2049 लगायत स्तनपान सम्बन्धी सरोकारवाला निकायका लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न

स्वास्थ्य कार्यालय, प्यूठानको आयोजनामा स्तनपानको महत्व र आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु (विक्रि वितरण नियन्त्रण) ऐन, २०४९ तथा नियमावली, २०५१ का प्रावधानहरुको बारेमा अभिमुखिकरण कार्यक्रम मितिः २०८२ मङ्सिर २८ र २९ गते प्यूठान नगरपालिकाको सभाहलमा सु-सम्पन्न गरिएको थियो।

उक्त कार्यक्रममा जिल्लाभरिका बर्थिङ्ग सेन्टरमा कार्यरत नर्सिङ्ग कर्मचारीहरू तथा औषधि व्यवसायी निकायहरूको सहभागिता रहेको थियो। कार्यक्रमको उद्देश्य सुरक्षित, पर्याप्त तथा निरन्तर स्तनपानको प्रवर्द्धन गर्दै नवजात शिशुको स्वास्थ्य सुधार गर्नुका साथै आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तुहरूको अव्यवस्थित प्रचार–प्रसार, विक्रि तथा वितरण नियन्त्रणसम्बन्धी कानुनी प्रावधानहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नु रहेको थियो। कार्यक्रमका क्रममा स्तनपानको महत्व, प्रारम्भिक ६ महिनासम्म पूर्ण स्तनपानको आवश्यकता, आमाको दुधका फाइदा, शिशु तथा आमाको स्वास्थ्यमा पर्ने दीर्घकालीन प्रभावका साथै आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तुहरूको अनुचित प्रयोगबाट हुने जोखिमबारे विस्तृत छलफल गरिएको थियो। साथै ऐन, २०४९ तथा नियमावली, २०५१ अनुसार निषेधित क्रियाकलाप, स्वास्थ्य संस्थामा पालना गर्नुपर्ने कार्यहरु, निगरानी तथा अनुगमनको भूमिकाबारे सहभागीहरूलाई जानकारी गराइएको थियो।

यस अभिमुखिकरण कार्यक्रमले जिल्लामा मातृ तथा शिशु स्वास्थ्य सेवाको गुणस्तर सुधार तथा स्तनपानमैत्री वातावरण सिर्जना गर्न महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।

## ५ दिने आधारभुत खोप तालिम संचालन

आ.व .२०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत स्वास्थ्य निर्देशनालय मार्फत नयाँ भर्ना भएका तथा खोज तालिम नलिएका स्वास्थ्यकर्मीहरूलाई लक्षित गरी ५ दिने आधारभूत खोज तालिम मिति २०८२/०८/२६ देखि २०८२/०९/०१ सम्म प्यूठानमा सफलतापूर्वक सञ्चालन गरिएको थियो।

तालिममा रोल्पा र प्यूठान जिल्लामा कार्यरत नयाँ भर्ना भएका स्वास्थ्यकर्मी तथा खोज कार्यक्रममा प्रत्यक्ष संलग्न स्वास्थ्यकर्मीहरूको सहभागिता रहेको थियो। तालिमको उद्देश्य गुणस्तरीय खोज सेवा प्रवाह गर्न, रोगहरूको समयमै पहिचान गर्न, विद्युतीय अभिलेख र सरसफाइ व्यवस्थापनमा दक्षता अभिवृद्धि गर्नु रहेको थियो। तालिमका क्रममा खोज कार्यको महत्व, रोग पहिचान र वर्गीकरण, विद्युतीय अभिलेख व्यवस्थापन, सरसफाइ प्रवर्द्धन र खोज कार्यक्रम सञ्चालनका सम्बन्धित विषयमा सैद्धान्तिक तथा व्यवहारिक सत्रहरू सञ्चालन गरिएको थियो।

## स्तनपान परामर्शकर्ताका लागि क्षमता अभिवृद्धि तालिम सम्पन्न

स्वास्थ्य कार्यालय, प्यूठानको आयोजनामा स्तनपान परामर्शकर्ताहरूको ज्ञान तथा सीप अभिवृद्धि गर्ने उद्देश्यले स्तनपान परामर्शकर्ताका लागि क्षमता अभिवृद्धि तालिम मिति २०८२ पुस २० देखि २२ गतेसम्म तथा दोस्रो चरणमा मिति २०८२ पुस २३ देखि २५ गतेसम्म सफलतापूर्वक सञ्चालन गरिएको थियो।

तालिममा जिल्लाका विभिन्न स्वास्थ्य संस्थामा कार्यरत स्तनपान परामर्शकर्ता तथा नर्सिङ्ग कर्मचारीहरूको सहभागिता रहेको थियो। तालिमको उद्देश्य सुरक्षित र प्रभावकारी स्तनपान परामर्श सेवा प्रदान गर्न आवश्यक ज्ञान तथा व्यवहारिक सीपलाई सुदृढ बनाउनु रहेको थियो। तालिमका क्रममा स्तनपानको महत्व, प्रारम्भिक ६ महिनासम्म पूर्ण स्तनपान, स्तनपानमा देखिने सामान्य समस्या र समाधान, आमाबुवालाई परामर्श दिने सीप, शिशुको सही स्तनपान आसन) Positioning and Attachment), आमाको दुध अभिवृद्धि गर्ने उपाय, साथै आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु) विक्रि वितरण नियन्त्रण (ऐन, २०४९ तथा नियमावली, २०५१ का प्रावधानहरूबारे विस्तृत रूपमा प्यूठान अस्पतालका अनुभवी प्रशिक्षक नर्सिङ्ग अधिकृत राधा केसी र कमला खड्का द्वारा जानकारी गराइएको थियो।



# ७३ औं विश्व कुष्ठरोग दिवश "कुष्ठरोगको छ ओखती, सामाजिक लाञ्छना र विभेद मुख्य चुनौती"


## सामुदायिक तथा संस्थागत विध्यालयका किशोरीहरुको रक्तअल्पता परीक्षण कार्यक्रमको पहिलो चरण सम्पन्न



किशोरीहरूको रक्तअल्पता) एनेमिया (अवस्था पहिचान गरी समयमै परामर्श दिने उद्देश्यले लुम्बिनी प्रदेश सरकारले आ.व .२०८०/०८१ देखि सामुदायिक विद्यालयमा अध्ययनरत १० देखि १९ वर्ष उमेर समूहका किशोरीहरूका लागि रक्तअल्पता जाँच कार्यक्रम सञ्चालन गर्दै आएको छ।

उक्त कार्यक्रम अन्तर्गत स्वास्थ्य कार्यालय, प्यूठानको आयोजनामा तथा स्थानीय तहहरूको समन्वयमा जिल्लाका सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत किशोरीहरूको रक्तअल्पता जाँच कार्यक्रम सञ्चालन गरिएको छ। चालु आर्थिक वर्षमा यो कार्यक्रम दुई चरणमा सञ्चालन गरिने व्यवस्था रहेको छ। कार्यक्रमको पहिलो चरण कार्तिक र मंसिर महिनामा सम्पन्न भइसकेको छ, जसअन्तर्गत प्यूठान जिल्लाका विभिन्न स्थानीय तहका विद्यालयमा अध्ययनरत १० देखि १९ वर्ष उमेर समूहका नौ वटा स्थानीय तहको १३ वटा विध्यलयमा २२९० जना किशोरीहरुमा रक्तअल्पता परीक्षण भएको छ जस मध्ये २८.२१% किशोरीहरुमा रक्तअल्पता देखिएको छ।

पहिलो चरणमा परीक्षण गरिएका उही किशोरीहरूमा दोस्रो चरणको परीक्षण वैशाख र जेठ महिनामा गरिनेछ। परीक्षणका क्रममा रक्तअल्पता देखिएका किशोरीहरूलाई आवश्यक परामर्श, पोषण सम्बन्धी सुझाव तथा स्वास्थ्य शिक्षा प्रदान गरिएको छ। यस कार्यक्रमले किशोरीहरूको पोषण अवस्था सुधार गर्न, रक्तअल्पता न्यूनीकरण गर्न तथा भविष्यमामा मातृ तथा नवजात शिशु स्वास्थ्य सुदृढ गर्न महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।




## आ. व. २०८२/८३ मा संचालित CB-IMNCI कार्यक्रमको बार्षिक समिक्षा कार्यक्रम सम्पन्न

मिति २०८२ पौष ०८ र ०९ गते स्वास्थ्य कार्यालय, प्यूठानको आयोजनामा आ.व .२०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत समुदायमा आधारित नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापन) CB-IMNCI) कार्यक्रमको वार्षिक समीक्षा गोष्ठी प्यूठान नगरपालिकाको सभाहलमा संचालन गरिएको थियो।

उक्त गोष्ठीमा प्यूठान जिल्लाका नगरपालिका तथा गाउँपालिकाबाट स्वास्थ्य शाखा प्रमुख, CB-IMNCI फोकल पर्सन र पालिका अन्तर्गत स्वास्थ्य चौकीमा कार्यरत स्वास्थ्यकर्मीहरूको उल्लेख्य सहभागिता रहेको थियो। कार्यक्रमको उद्देश्य जिल्लामा CB-IMNCI कार्यक्रमको प्रगति समीक्षा गर्नु, कार्यान्वयनका क्रममा देखिएका समस्या तथा चुनौतीहरू पहिचान गर्नु, तथा नवजात शिशु र पाँच वर्षमुनिका बालबालिकामा देखिने प्रमुख रोगहरूको रोकथाम, उपचार र समयमै रिफरल गर्ने प्रणालीलाई प्रभावकारी बनाउनु रहेको थियो।

समीक्षा गोष्ठीका क्रममा कार्यक्रमको सेवा प्रवाह अवस्था, औषधि तथा सामग्रीको उपलब्धता, अभिलेख तथा प्रतिवेदन प्रणाली, क्षमता अभिवृद्धि, समुदायस्तरमा कार्यक्रमको प्रभावकारिता लगायतका विषयमा विस्तृत छलफल गरिएको थियो। साथै, आगामी दिनमा कार्यक्रमलाई थप सुदृढ बनाउन आवश्यक सुधारका उपायहरूबारे सहभागीहरूबाट सुझाव संकलन गरिएको थियो।



# ७३ औं विश्व कुष्ठरोग दिवश "कुष्ठरोगको छ ओखती, सामाजिक लाञ्छना र विभेद मुख्य चुनौती"

## ३८ औं विश्व एड्स दिवस

"अवरोधहरु पार गरौँ, एड्स प्रतिकार्य रुपान्तरण गरौँ" ("Overcoming disruption, transforming the AIDS response") भन्ने मुल नाराका साथ प्यूठान अस्पताल, स्वास्थ्य कार्यालय प्यूठान र BNMT Nepal का कर्मचारी द्वारा १ डिसेम्बर २०२५ मा ३८ औं विश्व एड्स दिवस मनाइएको थियो।




## नियमित खोप सुदृढिकरणका लागि सुक्ष्मयोजना कार्यक्रमको अभिमुखिकरण सम्पन्न

स्वास्थ्य कार्यालय, प्यूठानको आयोजनामा आगामी वर्षमा लक्षित समूहका बालबालिकालाई गुणस्तरीय, प्रभावकारी र पहुँचयोग्य खोप सेवा प्रदान गर्ने उद्देश्यले नियमित खोप सुदृढिकरणका लागि सुक्ष्मयोजना कार्यक्रमसम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ। उक्त अभिमुखिकरण कार्यक्रममा गौमुखी, झिमरुक, मल्लरानी र नौबहिनी गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख, स्वास्थ्य संस्था प्रमुख तथा खोप कार्यकर्ताहरूको सक्रिय सहभागिता रहेको थियो। कार्यक्रममा नियमित खोप कार्यक्रमको वर्तमान अवस्था, खोप कभरेज वृद्धि गर्ने रणनीति, माइक्रोप्लान (सुक्ष्मयोजना) तयार गर्ने प्रक्रिया तथा कार्यान्वयनका पक्षहरूबारे विस्तृत छलफल गरिएको थियो।

## माघ महिनामा सम्पन्न गर्ने लक्षित गरिएका मुख्य क्रियाकलापहरु

१) ८० बर्ष माथिका जेष्ठ नागरिक तथा अशक्त 'क' र 'ख' वर्गका व्यक्तिहरुको घरमै गई निशुल्क स्वास्थ्य सेवा कार्यक्रम ।

२) पाठेघरको क्यान्सर विरुद्ध HPV खोप कक्षा ६ मा अध्ययन गर्ने छात्राहरू र विद्यालय नजाने १० वर्ष उमेरका किशोरीहरू, तथा गतवर्ष सञ्चालित एच.पि.भी. खोपको लागि निर्धारित लक्षित समूहका छात्रा/किशोरीहरूमध्ये यो खोप लगाउन छुटेका हाल कक्षा ७-१० मा अध्ययनरत छात्राहरू र विद्यालय नजाने ११-१४ वर्ष उमेरका किशोरीहरूलाई प्रदान गर्ने कार्यक्रम ।

३) ३० वर्ष माथिको नागरिकहरुको नसर्ने रोगको स्क्रिनिङ्ग कार्यक्रम ।

## सामुदायिक महिला स्वयंसेविकाका लागि आधारभुत तालिम सम्पन्न

स्वास्थ्य कार्यालय, प्यूठानको आयोजनामा आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूका लागि आधारभूत तालिम प्यूठानमा सम्पन्न भएको छ। मिति २०८२/०८/०२ देखि २०८२/०८/११ सम्म सञ्चालन भएको उक्त तालिममा प्यूठान जिल्लाका नगरपालिका तथा गाउँपालिकाबाट २६ जना महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको सहभागिता रहेको थियो। तालिम स्वास्थ्य कार्यालय, प्यूठानको सभाहलमा सञ्चालन गरिएको थियो।

तालिमको उद्देश्य महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको क्षमता अभिवृद्धि गरी समुदायस्तरमा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्नु रहेको थियो। तालिमका क्रममा मातृ तथा शिशु स्वास्थ्य, पोषण, सरसफाइ, रोग पहिचान, स्वास्थ्य प्रवर्द्धन तथा अभिलेख व्यवस्थापनसम्बन्धी विषयमा सैद्धान्तिक तथा व्यवहारिक सेसनहरु सञ्चालन गरिएका थिए। यस तालिममा सहजकर्ताका रुपमा बसन्ता पोखेल, सर्मिला रायमाझी र गोमा खनाल रहनुभएको थियो। यस तालिमबाट जिल्लामा समुदायस्तरीय स्वास्थ्य सेवाको गुणस्तर सुधारमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।




## सम्पादकीय

स्वास्थ्य कार्यालय प्यूठानले आ.व. २०८०/८१ को सुरुवात सँगै सुरु गरेको जनस्वास्थ्य मासिक समाचारपत्रको २७ औं अंक प्रकाशन गर्न लागेको छ । मङ्सिर र पौष महिनामा जिल्लामा भएका जनस्वास्थ्य गतिविधिहरु र स्वास्थ्य सम्बन्धी जानकारिहरु समेटिएको यो अंकले जनस्वास्थ्य सम्वन्धि मासिक गतिविधिहरु र आगामी दिनमा सञ्चालन हुन गईरहेका स्वास्थ्य सम्वन्धी क्रियाकलापहरुको बारेमा र समग्र स्वास्थ्य कार्यालयबाट संञ्चालित कार्यक्रमहरुको सारसंक्षेप प्रस्तुत गरिएको छ । यस खवरपत्रिका लाई बिभिन्न क्षेत्रबाट प्राप्त सुझावको आधारमा क्रमिक रुपमा सुधार गर्दै लगिने छ।